# अण्डामा आत्मनिर्भर तथा पारिवारिक स्तरमा पोषण सुरक्षाको लागि ग्रामिण कुखुरा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(प्रदेश सरकार, मन्त्रीपरिषद, मिति २०७५/१०/०२ गतेको निर्णयबाट स्वीकृत)

प्रदेश सरकार

भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, विराटनगर, नेपाल

सचिव

# अण्डामा आत्मनिर्भर तथा परिवारीक स्तरमा पोषण सुरक्षाको लागि ग्रामिण कुखुरा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(प्रदेश सरकारबाट स्वीकृत प्राप्त मिति २०७५/१०/..०२... )

पृष्ठभूमि :

सरकारले अण्डामा आत्म निर्भर हुने भनी गरेको जाहेर गरेको प्रतिवद्धता र यस प्रतिवद्धतालाई सफल गर्ने एक चुनौतिपूर्ण कार्य हो । कुखुराको संख्या ग्रामिण क्षेत्रमा स्थानिय नश्लको बाहुल्यता भएको र यिनीहरुको अण्डा उत्पादन औषतमा ७० देखि ८० वटा प्रति कुखुरा प्रति वर्षमा उत्पादन हुने भएकोले आशातित सफलता प्राप्त गर्नका लागि शहरी क्षेत्रमा मात्र व्यवसायीक कुखुरा पालनमा ख्याति कमाएको डियुल जातका कुखुरालाई ग्रामिण क्षेत्रमा पुर्याई पनि परम्परागत रुपमा कुखुरा पालन गरी हाल भैरहेको उत्पादनमा थप गर्न अपरिहार्य भएकोले प्रदेश सरकारबाट अण्डामा आत्मनिर्भर तथा परिवारीक स्तरमा पोषण सुरक्षाको लागि ग्रामिण कुखुरा प्रवर्द्धन कार्यक्रम संचालनमा ल्याएको छ ।यस कार्यक्रमलाई व्यवस्थित, सरल, प्रभावकारी र पारदर्शि रुपमा स्थापना र संचालन गर्न "प्रशासकीय कार्यविधि नियमित गर्ने ऐनं २०७५"को दफा ३(१) को अधिकार प्रयोग गरि यो कार्यविधि प्रदेश सरकारवाट लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम **“अण्डमा आत्मनिर्भर तथा परिवारीक स्तरमा पोषण सुरक्षाको लागि ग्रामिण कुखुरा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५"** रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्नेछ ।

(२) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्नेछ ।

(३) "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्नेछ ।

(४) “सम्वन्धीत कार्यालय" भन्नाले कार्यक्रम संचालनको अख्तियारी प्राप्त भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय; पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय एवं भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुलाई समेतलाई जनाउँछ ।

(५) “कार्यालय प्रमुख” भन्नाले अख्खितियारी प्रमुख निकायको प्रमुखलाई सम्झनु पर्दछ ।

(६) "कार्यविधि" भन्नाले"अण्डामा आत्मनिर्भर तथा परिवारीक स्तरमा पोषण सुरक्षाको लागि ग्रामिण कुखुरा प्रवर्द्धन कार्यक्रम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ सम्झनु पर्नेछ ।

३. उद्देश्यहरु :

(१) ग्रामिण कुखुरा प्रवर्द्धन तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

(२) अण्डामा आत्मनिर्भर कार्यक्रमलाई प्रभाकारी रुपमा कार्यान्वियन गर्ने ।

## परिच्छेद २

## कार्यक्रम संचालन सम्बन्धी प्रक्रिया

४. **कार्यक्रम सञ्चालन हुने जिल्लाहरु** : प्रदेस अन्तरगका सबै जिल्लाहरुमा संचालन हुनेछ ।

५. **कार्यक्रम सञ्चालन प्रकृया** :

**(१) कार्यक्रम संचालन स्थानको छनौट** :

भेटेरिनरि अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले कार्यक्रम संचालन स्थान नगरपालिका/गाउँपालिका छनौट गर्दा तपसिलका बुँदाहरु ध्यान दिनु पर्नेछ ।र सोको जानकारी पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा जानकारी गराउनु पर्नेछ ।

(क) सम्बन्धित ठाउँ होटेल, रेष्टुरेन्ट, होमस्टे वाहुल्य भएको ग्रामिण क्षेत्र वा लोक मार्ग वरिपरि रहेको ।

(ख) छनौट गरिने स्थानमा विजुली, सडक, पानी एवं अन्य पूर्वाधार विकास भएको

(ग) विपन्न वर्ग, दलित, जनजाति र महिलालाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

**(२) कार्यक्रम सञ्चालन स्थान छनौट समिति गठन** :

देहाय बमोजिमको जिल्लामा कार्यक्रम संचालन स्थान गर्न एक समिति हुनेछ ।

| | |
|---|---|
| (क) जिल्ला समन्वय समितिको प्रमुख | संयोजक |
| (ख)जिल्ला समन्वय समितिको प्रमुख प्रशाकिय अधिकृत | सदस्य |
| (ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य |
| (घ) कृषि ज्ञान केन्द्रको प्रमुख/अधिकृत | सदस्य |
| (ङ) सम्बन्धीत विज्ञ केन्द्रको प्रमुख | सदस्य सचिव |

*नोटः बढिमा २ जना सम्म आमन्त्रण गर्न सक्नेछ।*

(३) ग्रामिण कुखुरा पालन गर्ने स्थान नगरपालिका/गाउपालिका छनौट भए पश्चात सो स्थानिय तहको समन्वयमा कार्यक्रम संचालन गर्न अनुसूची–४ बमोजिम सम्झौता गरि कार्यक्रम गर्नु पर्नेछ ।

(४) स्थानमा रहेको स्थानिय/उन्नत पंक्षीको प्रारम्भिक तथ्याङ्क संकलन गरि सम्बन्धित कार्यालयले अभिलेख राख्नु पर्नेछ । र सो को प्रतिवेदन निर्देशनालय र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(५) छनौट भएको स्थान/नगरपालिका/गाउपालिकामा प्रारम्भीक सर्भेक्षण एवं कार्यक्रमको सम्भाव्यता एवं प्राविधिक उपयूक्तता हेरी २० जना सदस्य कृषकहरु छनौट गरी स्थानिय

तहको पशु सेवा शाखाको प्राविधिक सदस्य सचिव रहने गरी प्रत्येक कार्यालयले १ वटा समुह गठन गर्नु पर्नेछ ।

(६) **कृषक छनौट प्रकृया :**

(क) सम्बन्धित कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम मुताविक अनुसूची–१ बमोजिम राष्ट्रिय दैनिक पत्रिकामा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

(ख) कार्यक्रममा सहभागी हुन इच्छुक प्रस्तावकहरुले अनुसूची–२ बमोजिम आवश्यक कागजातहरु सहित तोकिएको निकाय र समयमा प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

(ग) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन ।

(घ) उपयुक्तताका आधारमा प्राप्त आवेदनहरुको प्रारम्भिक छनौट र सिफारिसका लागि निम्न बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहने छ ।

| | |
|---|---|
| १. सम्बन्धित स्थानिय तहको अध्यक्ष/प्रमुख वा निजले तोकेको व्यक्ति | संयोजक |
| २. सम्बन्धीत कार्यालयको सम्पर्क अधिकृत/प्राविधिक | सदस्य |
| ३. स्थानिय तहको पशु शाखा हेर्ने अधिकृत/प्राविधिक | सदस्य सचिव |

*नोटः समितिले आवश्यक्ता मुताविक बढिमा २ जना सम्म आमन्त्रण गर्न सक्नेछ।*

(७) रितपूर्वक दर्ता हुन आएका प्रस्तावहरुको प्रारम्भिक छनौट गरि फिल्ड भेरिफिकेशनका लागि उपयुक्त प्रस्तावहरुको सूचि पेश गर्ने जिम्मेवारी प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिको सदस्य सचिवको हुनेछ ।

(८) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले मूल्याङ्कन र प्राथमिकिकरण सहितको सूची स्वीकृतिका लागि कार्यालय प्रमुख समक्ष पेश गर्नेछ र निजबाट प्रस्ताव स्वीकृत हुनेछ ।

(९) छनौट भएका कृषकहरुको समुह गठन पश्चात समुह संचालन विधान बनाइ समुहको नाममा अध्यक्ष वा सदस्य सचिव र स्थानिय तहको पशु सेवा शाखाको प्राविधिकको संयुक्त दस्तखतमा समुहको नाममा बैंकमा खाता संचालन गर्नु पर्नेछ । समुहको रकमको रेखदेख सम्बन्धित कार्यालय र स्थानिय तहको पशु सेवा शाखाले गर्नु पर्नेछ ।

(१०) प्रति कृषक ५० वटा ४ हप्ते ब्रुडर गरेको Dual Purpose चल्लाहरु र खोर निर्माण, ढुवानीका लागि आर्थिक नर्मस अनुसार रकम समुहको खातामा सम्बन्धित कार्यालयले जम्मा गर्नु पर्नेछ ।

(११) गठित समुहका सदस्यहरुलाई कुखुरा पालन सम्बन्धि आधारभूत ३ दिने स्थलगत तालिम दिनु पर्नेछ ।

प्रमुख सचिव

(१२)समुहमा आवश्यक पर्ने चल्लाहरु सरकारी फार्म वा निजी स्तरका ह्याचरीहरुबाट चल्ला आर्थिक नर्मस अनुसार खरिद गर्न सकिनेछ ।

(१३)समूहले पालेका कुखुराहरुमा आवश्यक पर्ने खोप, परजिवी नियन्त्रण र उपचारको व्यवस्था सम्बन्धित कार्यालय र स्थानिय तहले प्राथमिकतामा राखी व्यवस्था गर्नु पर्नेछ ।

(१४)उत्पादनलाई सस्तो र गुणस्तरीय बनाउने उपयुक्त हुने घाँसहरु फोरेज पिनट, Azolla feeding जस्ता विषयहरुमा समूहले विशेष प्राथमिकतामा दिनेछ ।

(१५)यस कार्यक्रममा कुखुरापालन गर्नका लागि २०० वर्गफिट भित्री खोर बस्ने र १५ र ४५० वर्गफिट को कुखुरा बाहिरी खेल्ने/चर्ने क्षेत्र बनाउनु पर्नेछ ।

६. **सम्झौता** :

(क) सम्बन्धीत कार्यालयले *अनुसूची–३* बमोजिम समुहसंग सम्झौता गरि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(ख) द्विपक्षिय सम्झौतालाई साझेदारी कार्यक्रम कार्यान्वयनको मूल आधार मानिनेछ ।

७. **आर्थिक नर्मस :**

देहाय बमोजिमको आर्थिक नर्मस अनुसार खर्च गर्न सकिनेछ ।

| सि.नं. | विवरण | ईकाई | परिमाण | दर | जम्मा रु. |
|---|---|---|---|---|---|
| १ | चल्ला (४ हप्ते ब्रुडर गरेको) १० प्रतिशत मोटालिटी सहित वितरण | संख्या | ११०० | २२० | २४२००० |
| २ | चल्ला ढुवानी | पटक | १ | ३०००० | ३०००० |
| ३ | दाना खर्च १ महिनाको लागि | किलो | १६०० | ३५ | ५६००० |
| ३ | खोर निर्माण | संख्या | २० | २०००० | ४००००० |
| ४ | ड्रेचिङ्ग तथा खोप तथा मिनरल वितरण | पटक | ३ | २०००० | ६०००० |
| ५ | आधारभूत तथ्याङ्क संकलन समुह गठन | पटक | १ | ५००० | ५००० |
| ६ | कार्यक्रम अनुगमन बैठक प्रतिवेदन तयारी संचालन | पटक | ३ | ३०००० | ९०००० |
| ७ | अभिमुखिकरण गोष्ठी | पटक | १ | २५००० | २५००० |
| ८ | स्थानिय तहको पशु सेवा शाखाबाट अनुगमन तथा मासिक चौमासिक प्रतिवेदन तयारी सम्प्रेषण | पटक | १२ | १०००० | १२००० |
| ९ | ३ दिने स्थलगत कुखुरा पालन तालिम | पटक | १ | ७५००० | ७५००० |
| १० | कार्यक्रमको सार्वजनिक सुनवाई | पटक | १ | ५००० | ५००० |
| | | | | जम्मा | १०००००० |

परिच्छेद ३

## विविध

८. **अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था:**

यस कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, र स्थानिय तहको सरकारले समेत गर्न सक्नेछ, गर्नेछन् र सोको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

९. **आर्थिक प्रशासन सेवा:**

कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधी नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

१०. **प्रचलित कानून लागू हुने:**

कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

११. **बाधा अड्काउ फुकाउने (खारेजी एबं संशोधन):**

(१) कार्यविधि कार्यान्वयनका सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्क निर्णय गर्न सक्नेछ ।

(२) कार्यविधि कार्यान्वयनमा बाधा अडचन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(३) कार्यविधिलाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी वा संशोधन गर्न सक्नेछ ।

प्रमुख सचिव
प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.-१
बिराटनगर, नेपाल

सचिव

अनुसूची–१

## अण्डामा आत्म निर्भर तथा परिवारीक स्तरमा पोषण सुरक्षाको लागि ग्रामिण कुखुरा प्रबर्द्धन कार्यक्रम कार्यान्वयनको लागि निवेदन पेश गर्ने बारेको सूचना

प्रथम पटक प्रकाशित मिति : .............

यस कार्यालयको आ.व. २०...../.....को वार्षिक स्वीकृत कार्यक्रम अनुसार अण्डामा आत्म निर्भर तथा **परिवारीक स्तरमा पोषण सुरक्षाको लागि ग्रामिण कुखुरा प्रबर्द्धन कार्यक्रम कार्यान्वयनको लागि** इच्छुक सम्वन्धित कृषकहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ । पुनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्धारा सुचित गरिन्छ ।

तपसिल

१. अनुसूची २ अनुसारको आवेदन फाराम
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
३. सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत महिला/ दलित जनजाती अपांग मधेशी लगाएत सिमान्तकृत वर्ग भएमा सम्बन्धित नगरपालिका/गाउँपालिकाको पहिचान हुने सिफारिसपत्र ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
प्रदेश नं. १
विराटनगर, नेपाल

प्रमुख सचिव

सचिव

अनुसूची – २

अण्डामा आत्म निर्भर तथा परिवारीक स्तरमा पोषण सुरक्षाको लागि ग्रामिण कुखुरा प्रबर्द्धन कार्यक्रम कार्यान्वयनको लागि आवेदन पत्र

श्रीमान् कार्यालय प्रमुख ज्यू,
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

......................

विषय : कार्यक्रममा सहभागी गराई दिने बारे ।

महोदय,

ताहां मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्र को मिति...................को ................ पत्रिकामा प्रकाशित सूचना अनुसार म निवेदकले तपसिल बमोजमको कार्यक्रम लागत साझेदारीमा सञ्चालन गर्न ईच्छुक भई आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेको छु ।

निवेदकको

दस्तखत

मिति :

प्रस्तावकको नाम र थर :

स्थायी ठेगाना :

प्रस्तावित कार्यक्रमको नाम :

कार्यक्रम सन्चालन हुने स्थानको पूरा ठेगाना :

संलग्न कागजातहरुको सूची

| क्र.सं. | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

सचिव

प्रमुख सचिव
प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं.-१ बिराटनगर, नेपाल

अनुसूची–३

अण्डामा आत्म निर्भर तथा परिवारीक स्तरमा पोषण सुरक्षाको लागि ग्रामिण कुखुरा प्रबर्द्धन कार्यक्रम कार्यन्वयनको लागि सम्झौता -पत्र ।

भेटेरिनरी अस्ताल पशु सेवा विज्ञ केन्द्र............को आ.व. २०/........ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम संचालन गर्न भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ...... (यस पछि प्रथम पक्ष भनिने) र श्री ...........................................(यस पछि दोश्रो पक्ष भनिने) बीच कार्यक्रम प्रभावकारी रुपमा संचालन तथा अनुगमन गर्न तपसिल बमोजिमका शर्तहरु पालना गर्ने गरि द्विपक्षिय यो सम्झौता गरिएको छ । दुवै पक्षले सहिछाप, दस्तखत गरि बुझिलियौ ।

तपसिल :

१. दोश्रो पक्षले कार्यक्रम संचालन समुह भित्रका सबै सदस्यहरुसंग समन्वय राखि कार्यक्रम संचालन गर्नु पर्ने छ ।

२. पहिलो पक्षबाट तपसिल बमोजिमका कार्यक्रमहरु संचालनको लागि समुहको खातामा एक मुष्ट जम्मा गरि दिनेछ।

| क्र.स. | कृयाकलाप विवरण | अनुमानित लागत रु. | प्रथम पक्षले व्यहोर्ने रु. | दोश्रो पक्षले व्यहोर्ने रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा | | | | |
| अक्षरुपी | | | | |

३. समुहमा संचालन भएका पशु सेवा कार्यक्रमहरुको पूर्ण जिम्मेवारीका साथ त्यसको कार्यन्वयन अनुगमन मूल्याँकन आदि नियमित रुपले गर्नु पर्ने छ।

४. दोश्रो पक्षले प्रथम पक्षबाट प्राप्त अनुदान रकमको कुनै हिनामिन गर्ने छैन। यदि गरेमा कानुन बमोजिम सजाय भोग्न तयार हुनु पर्ने छ ।

५. दोश्रो पक्षले पशु विकास तथा पशु स्वास्थ्य कार्यक्रम सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/स्थानिय तहको पशु सेवा शाखाको प्रत्यक्ष रेखदेखमा संचालन गर्नु पर्ने छ ।

६. दोश्रो पक्षले समुहमा संचालन भएको कार्यक्रमको गतिविधि बारे नियमित रुपले प्रत्येक महिना प्रगति प्रतिवेदन पठाउने पर्नेछ ।

७. दोश्रो पक्षले समुहमा भित्र पशु सेवा कार्यक्रम सम्बन्धि कुनै समस्या परेमा तुरुन्त प्रथम पक्षलाई जानकारी गराउनु पर्ने छ ।

प्रमुख सचिव



सचिव

८. दोश्रो पक्षले पाएक पर्ने नजिकको बैंकमा स्थानिय तह पशु सेवा शाखाको कर्मचारी सहितको संयुक्त दस्तखतमा खोलेको खातामा कार्यक्रम संचालन रकम प्रथम पक्षबाट रकम जम्मा गर्ने छ । सोको जम्मा गरेको भौचर प्रथम पक्षलाई बुझाउनु पर्ने छ ।

९. दोश्रो पक्षले हितकोष स्थापना गरि नियमित रुपमा संचालन गर्न सक्ने छ ।

१०. दोश्रो पक्षले समुह संचालनका लागि विधान तथा निर्देशिका बनाई संचालन गर्नु पर्नेछ ।

११. प्रथम पक्षलाई अनुगमन, निरीक्षणको समयमा सहयोग पुऱ्याउनु दोश्रो पक्षको दायित्व हुने छ ।

१२. प्रथम पक्षबाट समुहमा प्रदान गरिने हरेक कार्यक्रमहरु समुहको निर्णय अनुसार दोश्रो पक्षले संचालन गर्नु पर्ने छ ।

१३. दोश्रो पक्षबाट कार्य सम्पन्न भएपछि भए गरेका कार्यको सक्कलै बिल भर्पाईहरु, कार्यक्रम सम्पन्न प्रतिवेदन, समुहको निर्णय समेतका कागजातहरु मिति २०७..... महिना ...... गते भित्रमा पेश्की फछ्र्योटको लागि स्थानिय तहको पशु सेवा शाखाको सिफारिस सहित कागजातहरु पेश गर्नु पर्नेछ ।

१४. संचालित कार्यक्रमको प्रगति सन्तोषजनक नपाएमा तोकिएको अवधिसम्म कार्यक्रमलाई निरन्तरता दिन बाध्य हुने छैन ।

१५. कार्यक्रम संचालन तथा यस सम्बन्धि केही समस्या उत्पन्न भई सम्झौताको कुनै बुँदामा परिवर्तन गर्नु परेमा दुबै पक्षको सहमति र प्रचलित कानून अनुसार हुने छ ।

| दोश्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | पद : |
| समुहको नाम : | कार्यालय : |
| समुहको छाप : | कार्यालयको छाप : |

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. १ विराटनगर, नेपाल

प्रमुख सचिव

सचिव